बैठक संख्या : ५१(एकाउन्नौं)

आज मिति २०७७ माघ १८ गते विदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सडौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | रामशरण |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | मेनुका |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | रश्मी |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |

# ५१ औं कार्यपालिका वैठकका निर्णयहरु :

१) निर्माणजन्य सामाग्रीको व्यवस्थापन तथा सहजीकरण सम्बन्धमा ।

२) समिति र उपसमितिहरुको गठन र अभिमुखिकरण सम्बन्धमा ।

३)बजेट व्यवस्थापन सम्बन्धमा ।

४) विविध

**निर्णय नं.१)**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०७७।१०।१६ च.नं.३२६ प.सं.०७७।०७८ को पत्रानुसार २०७७ साल माघ १६ गते बसेको सर्वपक्षीय समन्वयात्मक वैठकको निर्णयानुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्धारा सञ्चालित विकास आयोजना एवं निजि तथा सार्वजनिक आवास लगायतका निर्माण कार्यको लागि आवश्यक ढुंगा, गिट्टी, वालुवाहरुको उत्खनन्, प्रशोधन एवं उपयोगलाई सहजीकरण गरिदिन आफ्नो क्षेत्र भित्र पर्ने स्थानमा उक्त सामाग्रीहरुको उचित व्यवस्थापन स्थानीय सरकारद्धारा गर्न/गराउन खानी/नदी किनारमा रहेका निर्माणजन्य कच्चा पदार्थहरुको प्रयोगमा ल्याउन भएको निर्णय अनुसार यस नगरपालिकाको विभिन्न वडामा यस अगाडी नै उत्खनन् भई मौज्दात राखिएको निर्माणजन्य सामाग्रीहरुको नगरपालिकालाई सम्बन्धीत उद्योगहरुले नेपाल सरकारको निर्णयानुसार उद्योग सञ्चालन मापदण्ड लागु गर्न कार्ययोजना पेश गरि तत्पश्चात निर्माणजन्य सामाग्रीको स्थानीय प्रयोगमा प्रतिबद्धता व्यक्त गर्न लगाई प्रशोधन सहित प्रयोग गर्न उपलब्ध गराउने । यस अघि सञ्चालनमा रही हाल बन्द रहेका क्रसर उद्योगहरुलाई घाटगद्दीमा रहेका परिमाण एकीन गरि प्रशोधन गर्न दिने र उक्त परिमाणले हाल सञ्चालित वा सञ्चालनमा रहने योजनाहरुको लागि अपुग भएमा नगरपालिका सँग पुर्व स्वीकृत लिई आवश्यक परिमाण उत्खनन् समेत गरि निर्माण जन्य सामाग्रीको आपूर्तिमा सहज गर्ने निर्णय गरियो ।

**निर्णय नं. २)**

प्रदेश नीति तथा योजना आयोगको मिति २०७७।१०।१८ च.नं.१३२ प.सं.०७७।७८ को पत्रानुसार नगरपालिकाको आवधिक योजना तर्जुमाको लागि सो दिग्दर्शनको बुँदा नं. ३.१.२(क) बमोजिम निर्देशक समिति तथा बुँदा नं. ३.१.३(ख) र (ग) बमोजिम क्रमशः विषय क्षेत्रगत समितिहरु र संयोजन तथा सहजीकरण उपसमिति र मध्यकालिन खर्च संरचना तर्जुमाको लागि बुँदा नं. ४.४.२ को (क), (ख), (ग) र (घ) बमोजिम क्रमशः निर्देशक समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था बमोजिम निम्नानुसारको समिति गठन गरि अभिमुखिकरणको लागि समेत हुने गरि प्रदेश मन्त्रालयमा जानकारी गराउने निर्णय गरियो ।

*क) आवधिक योजना तर्जुमा निर्देशक समिति (बुँदा नं. ३.१.२(क) सँग सँम्बन्धित)*

| | |
|---|---|
| संयोजक | प्रमुख |
| सदस्य | उपप्रमुख |
| सदस्य | कार्यपालिकाका सबै सदस्यहरु |

| | |
|---|---|
| सदस्य | विषयगत क्षेत्रका शाखा प्रमुख सबै |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

*ख) विषय क्षेत्रगत समिति (बुँदा नं. ३.१.३(ख) सँग सँम्बन्धित)*

*१) आर्थिक विकास समिति*

| | |
|---|---|
| संयोजक | टलक मान श्रेष्ठ |
| सदस्य | प्रविना लामा |
| सदस्य | राधाकृष्ण भण्डारी |
| सदस्य | कृष्ण प्रसाद न्यौपाने |
| सदस्य सचिव | कृषि शाखा प्रमुख |

*२) सामाजिक विकास समिति*

| | |
|---|---|
| संयोजक | सिताराम अर्याल |
| सदस्य | रुपा थाप |
| सदस्य | सबु मिजार |
| सदस्य | बसन्त रिजाल |
| सदस्य सचिव | शिक्षा शाखा प्रमुख |

*३) पूर्वाधार विकास समिति*

| | |
|---|---|
| संयोजक | राजु सडौला |
| सदस्य | शिव खड्गे |
| सदस्य | मान बहादुर कुमाल |
| सदस्य | अम्विका सुनार |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

*४) वातावरण तथा विपद् व्यवस्थापन समिति*

| | |
|---|---|
| संयोजक | लेनिन रञ्जित |
| सदस्य | सिता बोगटी |
| सदस्य | श्याम कृष्ण चालिसे |
| सदस्य | दिपेन्द्र लोहनी |
| सदस्य सचिव | विपद् व्यवस्थापन शाखा प्रमुख |

*५) संस्थागत विकास सेवा, प्रवाह तथा सुशासन समिति*

| | |
|---|---|
| संयोजक | सनी चित्रकार |
| सदस्य | कल्पना वि.क. |
| सदस्य | सरिता श्रेष्ठ (मिजार) |
| सदस्य | सिताराम रिमाल |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख |

*ग) संयोजन तथा सहजीकरण समिति(बुँदा नं. ३.१.३(ग) सँग सँम्बन्धित)*

| | |
|---|---|
| संयोजक | फइ सिं तमाङ |
| सदस्य | विष्णुमाया सुनार |
| सदस्य | कान्छी मिजार |
| सदस्य | हरिचन्द्र अधिकारी |
| सदस्य सचिव | राजश्व शाखा प्रमुख |

**मध्यमकालिन खर्च संरचना तर्जुमा समिति**

*क) निर्देशक समिति (बुँदा नं. ४.४.२(क) सँग सँम्बन्धित)*

| | |
|---|---|
| संयोजक | प्रमुख |
| सदस्य | उपप्रमुख |
| सदस्य | कार्यपालिका सबै सदस्य |
| सदस्य | विषयगत क्षेत्रका शाखा प्रमुख सबै |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

*ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति (बुँदा नं. ४.४.२(ख) सँग सँम्बन्धित)*

| | |
|---|---|
| संयोजक | प्रमुख |
| सदस्य | उपप्रमुख |
| सदस्य | तोयानाथ तिम्सिना |
| सदस्य | कुमारी वि.क. |
| सदस्य | रामशरण मिजार |
| सदस्य | मेनुका चौलागाई |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

*ग) मध्यमकालिन खर्च संरचना सम्बन्धी विषय क्षेत्रगत समिति (बुँदा नं. ४.४.२(ग) सँग सँम्बन्धित)*

*१) आर्थिक विकास समिति*

| | |
|---|---|
| संयोजक | टलक मान श्रेष्ठ |
| सदस्य | प्रविना लामा |
| सदस्य | राधाकृष्ण भण्डारी |
| सदस्य | कृष्ण प्रसाद न्यौपाने |
| सदस्य सचिव | कृषि शाखा प्रमुख |

*२) सामाजिक विकास समिति*

| | |
|---|---|
| संयोजक | सिताराम अर्याल |
| सदस्य | रुपा थाप |
| सदस्य | सबु मिजार |
| सदस्य | बसन्त रिजाल |

| | |
|---|---|
| सदस्य सचिव | शिक्षा शाखा प्रमुख |

*३) पूर्वाधार विकास समिति*

| | |
|---|---|
| संयोजक | राजु सडौला |
| सदस्य | शिव खड्गे |
| सदस्य | मान बहादुर कुमाल |
| सदस्य | अम्बिका सुनार |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

*४) वातावरण तथा विपद् व्यवस्थापन समिति*

| | |
|---|---|
| संयोजक | लेनिन रञ्जित |
| सदस्य | सिता बोगटी |
| सदस्य | श्याम कृष्ण चालिसे |
| सदस्य | दिपेन्द्र लोहनी |
| सदस्य सचिव | विपद् व्यवस्थापन शाखा प्रमुख |

*५) संस्थागत विकास सेवा, प्रवाह तथा सुशासन समिति*

| | |
|---|---|
| संयोजक | सनी चित्रकार |
| सदस्य | कल्पना वि.क. |
| सदस्य | सरिता श्रेष्ठ (मिजार) |
| सदस्य | सिताराम रिमाल |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख |

*घ) मध्यमकालीन खर्च संरचना सम्बन्धी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति (बुँदा नं. ४.४.२(घ) सँग सँम्बन्धित)*

| | |
|---|---|
| संयोजक | उप प्रमुख |
| सदस्य | विषयगत क्षेत्र हेर्ने कार्यपालिका सदस्य |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

*ङ) अनुगमन समिति*

| | |
|---|---|
| संयोजक | उप प्रमुख |
| सदस्य | तोयानाथ तिम्सिना |
| सदस्य | राजकुमार कुमाल |
| सदस्य | रश्मी पाण्डे लाहनी |
| सदस्य | प्राविधिक शाखा |
| सदस्य | प्राविधिक शाखा |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

च) प्रवक्ता

उप प्रमुख श्री गिता कुमारी दाहाल

**निर्णय नं.३)**

(क) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यसै नगरपालिका वडा नं. ५ देवीघाट जेष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठानलाई कार्यपालिकाको मिति २०७७।०७।०३ को निर्णय अनुसार संघ संस्था साझेदारी कार्यक्रमबाट रु. १० लाख अनुदान दिने निर्णय भएकोमा उक्त शिर्षकमा बजेट नपुग भएकोले राजपत्रको सि.नं.७७ को संघ संस्था अनुदान शिर्षकबाट रु.१० लाख अनुदान दिने निर्णय गरियो ।

(ख) यस विदुर नगरपालिकाको हाल सञ्चालनमा रहेको ब्याक हो लोडर जिर्ण अवस्थामा रहेको र उक्त ब्याक हो लोडरलाई प्रकृया पर्याई व्यवस्थापन गर्ने र यस नगरपालिकाका अधिकाशं भौगोलिक क्षेत्रहरु विकट रहेको र जोखिमयुक्त सडकहरु दैविक प्रकोप लगायतका कारणले समय समयमा मर्मत एवं सरसफाई गरिरहनु पर्ने आवश्यकतालाई परिपूर्ति गर्न मेयर/उपमेयर कप फुटवल एवं भलिवल प्रतियोगिता शिर्षक, एम्वुलेन्स खरिद शिर्षकबाट खर्च नभएको रकम मध्ये ब्याक हो लोडर खरिदको लागि आवश्यक बजेट तथा त्रिभुवन त्रिशुली बहुमुखी कलेज, वि.न.पा. १ लाई सञ्चालनको लागि रु. पाँच लाख र वडा नं. ४, १० र ११ को वडा कार्यालय भवन निर्माण कार्य मध्ये झ्याल ढोका र वडा नं. ४ को वडा कार्यालय परिसरको मेशिनरी वालको कार्य ठेक्का प्रकृया भित्र नपरि अधुरो रहेकोले उक्त कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४)**

क) वालुवा व्यवस्थापन सम्बन्धमा

यस विदुर नगरपालिका भित्र मध्य पहाडी लोक मार्ग आयोजना सञ्चालन गर्न वडा नं. ३ को बुहुनेवेसी पुलबाट वडा नं.६ को मुलथला सम्म साईट क्लेरेन्स गर्दा सडक मापदण्ड अनुसार छोड्नुपर्ने Right Of Wayसहितको स्थानमा कटिङ गर्दा निर्माणजन्य सामाग्री वालुवा उत्खनन् हुने हुँदा नगरपालिका स्वयंले साईट क्लेरेन्सको कार्य सञ्चालन गरि उक्त वालुवा यसै नगरपालिकाको "साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" को दफा १७ बमोजिम उक्त सामाग्रीको परिमाण एकीन गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

ख)

अ) घर नक्सा निर्माणको लागि बाटोको मापदण्ड पालना गरि २०७२ साल अगाडी निर्माण गरिएको ९x१२ तथा ९x९ RCC पिलरका घरहरुको जुन अवस्थामा छ सोही अवस्थाको अभिलेखिकरण गराउने निर्णय गरियो ।

आ)ढुंगे वेत्रावती सडक खण्डको वडा नं. १० मा साबिक गेर्खु गा.बि.स. हुँदाको बखत मै सडकको केन्द्र विन्दुबाट १५ मिटर छोडी घर टहरा निर्माण गरेको र वडा कार्यालयबाट समेत सोही अनुसारको

सिफारिसहरु प्राप्त हुन आएकोले पुर्ननिर्माण प्राधिकरणलाई त्यसरी निर्माण गरिएका घरहरुको तेस्रो किस्ता उपलब्ध गराउने प्रयोजनमा मात्र हुने गरि सहजीकरण गर्ने निर्णय गरियो ।

(ग) पेट्रोल पम्प सम्बन्धमा

यसै नगरपालिका वडा नं. ८ बस्ने उमेश रिजालको निवेदन अनुसार वि.न.पा.९ मा सञ्चालन गर्ने गरि मिति २०७७।०९।२९ घरेलु तथा साना उद्योग कार्यालय नुवाकोटमा प्राइभेट फर्म रजिष्ट्रेशन गरिएको रिजाल आयल स्टोर्स लाई वडा नं. ९ को सिफारिस समेतको आधारमा साबिक त्रिशुली २ हाल वि.न.पा. ९ मा पर्ने कि.नं.६०४३,६०४५ समेतको क्षे.फ. १–५–०–० र १–३–१–० को जग्गामा सरकारको मापदण्ड बमोजिम हुने गरि सम्बन्धित निकायबाट स्वीकृत प्राप्त पश्चात सञ्चालन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

(घ) कार्यविधि सम्बन्धमा

विधेयक समिति मार्फत पेश भएको "विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ रिक्सा व्यवस्थापन निर्देशिका, २०७७" लाई पारित गर्ने निर्णय गरियो ।